☎९८४४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
स्थापना २०७३

प.स :- योजना २०७५।०७६ मिति :-२०७६/२/१२

च.न :- ३६२

विषय :- योजना तथा कार्यक्रम संचालन तथा भुक्तानी सम्वन्धमा ।

श्री सवै वडा कार्यालयहरु (१-११)
मिथिला नगरपालिका ।

उपरोक्त सम्वन्धमा यस मिथिला नगरपालिकालाई आर्थिक वर्ष २०७५।०७६ को लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान/ सशर्त अनुदान/ राजस्व वाडँफाँडको रकम र गत आर्थिक वर्षको बाँकी रकम र यस आ.व.मा हुने आन्तरिक आय र श्री शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय/श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रकम, यूनिसेफ नेपाल, सडक बोर्ड र अन्य निकायबाट प्राप्त रकम समेतबाट नगर सभाबाट स्वीकृत भई विभिन्न नगरस्तरीय, वडा स्तरीय कार्यक्रम र तोकिएका/स्वीकृत भएका योजना।कार्यक्रमहरु बोलपत्र/शिलवन्दी दरभाउपत्र/ दरभाउपत्र/परामर्शदाता/उपभोक्ता समितिको माध्यमबाट संचालन एवं कार्यान्वियन भई रहेका व्यहोरा अवगतै छ। यी सवै सम्झौता भएका योजना। कार्यक्रमहरु समयमा नै सम्पन्न गरी समयमा नै भुक्तानी हुनु पर्ने हुन्छ, समयमा सम्पन्न नभएमा असार २५ गते पछि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी आदेशबाट निकासा लिनु पर्ने रकम भुक्तानी हुन हुन नसकी बजेट फिज हुन गई योजनाको भुक्तानी गर्न नसकिने अवस्था हुन जान्छ भने यस कार्यालयमा आ.व. २०७५।०७६ को शुरु देखि नै स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ।Subnational Treasury Regulatory Application (SuTRA) बाट आर्थिक कारोबार भई रहेकोले यस कार्यालयबाट हुने सवै भुक्तानी प्रकिया समेत आउदो असार २५ गते भित्र सकी सक्नु पर्ने भएको छ र आगामी आ.व.को बजेट तथा कार्यक्रमको तर्जुमा एवं नगर सभाको कार्यक्रम समेत असार मसान्त भित्रै सम्पन्न गरी सक्नु पर्ने भएकोले उल्लेखित समय अगावै आ-आफ्नो वडामा संचालन भएका वडास्तरीय र नगरस्तरीय योजना।कार्यक्रम सम्पन्न गरी फरफारक गर्ने कार्यमा सहयोग गरी दिन हुन अनुरोध छ ।

०७६।२।१२

राम कुमार काफ्ले
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री यूनिसेफ नेपाल, शाखा कार्यालय,जनकपुरधाम
श्री सडक बोर्ड, नेपाल, मिनभवन, काठमाडौं ।
श्री नगर प्रमुखज्यूको कार्यकक्ष
श्री उप-प्रमुखज्यूको कार्यकक्ष
श्री कार्यपालिका सदस्यज्यहरु(३)
श्री आर्थिक प्रशासन शाखा
श्री जिन्सी शाखा
श्री प्राविधिक शाखा
श्री सूचना प्रविधि शाखा : वेवसाईट/फेसबुक पेजमा अपलोड गर्नु हुन ।
मिथिला नगरपालिका ।